# खत्याड गाउँपालिका

# स्थानीय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः ६** **मितिः २०८२।०७।२४**

## भाग-२

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको १०३ औ बैठकले ***"गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२"*** स्वीकृत गरेको छ ।

आज्ञाले,

नन्दकृष्ण पाध्याय

प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका मुगु

## गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः स्थानीय तहलाई प्राप्त शिक्षा सम्बाधी अधिकार कार्यान्वयनका लागि खत्याड गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षा तथा विषयगत आधारमा शिक्षक अभावका कारण विद्यालयको नियमित शिक्षण सिकाइ सहजीकरणमा उत्पन्न हुने कठीनाईलाई न्यूनिकरण गरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र खत्याड गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ४८ को उपदफा ३ (न) ले दिएको अधिकार प्रयोग गरी खत्याड गाउँ गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद एक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"खत्याड गाउँपालिकाको गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यपालिका" भन्नाले खत्याड गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले खत्याड गाउँपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) "दरबन्दी" भन्नाले संघीय ससर्त अनुदानबाट तलब भत्ता वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दी, अनुदान कोटा समेतलाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिका खत्याड मुगुलाई सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका अनुदान शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम विद्यालयले करार सम्झौता गरेको गाउँपालिका अनुदान शिक्षक सम्झनुपर्छ ।

(च) "गाउ शिक्षा समिति" भन्नाले खत्याड गाउँपालिकाको शिक्षा शिक्षा समिति सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खत्याड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ ।

(ज) "शाखा" भन्नाले खत्याड गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(झ) "विद्यालय" भन्ननले खत्याड गाउँपालिका क्षेत्रभित्र सञ्चालित भई गाउँपालिका अनुदान शिक्षक कोटा प्राप्त गरेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(ञ) "प्रशिक्षक" भन्नाले प्राविधिक विषयहरूको क्रियात्मक वा व्यावहारिक शिक्षा दिने व्यक्ति, प्रायोगिक शिक्षा दिने वा त्यस सम्बन्धमा तालिम दिने शिक्षक, प्रशिक्षण दिने व्यक्ति, तालिमको पथप्रदर्शकलाई सम्झनुपर्छ ।

## परिच्छेद दुई
## विद्यालय छनौट, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

३. **विद्यालय छनौटका आधारहरूः** गाउँपालिका अनुदान शिक्षकको कोटा वितरणका लागि विद्यालय छनौटका आधारहरू देहाय बमोजिम हुनेछनः-

(क) शिक्षक दरबन्दी मिलान गरे पश्चात शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रूपमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले शिक्षक दरबन्दी अपुग भएको विद्यालयमा गाउँपालिका अनुदान शिक्षक कोटा निर्धारण गरी वितरण गरिनेछ ।

(ख) मा.वि. र नि.मा.वि. तहमा विज्ञान, गणित र अंग्रेजी विषयको पदपूर्ति भएपश्चात मात्रै क्रमशः नेपाली र सामाजिक विषयको गाउँपालिका अनुदान शिक्षक दरबन्दी सिर्जना गरिनेछ ।

(ग) गाउँ कार्यपालिकाले निर्धारण गरेको विषय विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित विद्यालयले परिवर्तनका लागि निवेदन पेश गरेमा विद्यालयको आवश्ययकताको आधारमा परिवर्तन गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

४. **प्रतिशत निर्धारण :** (१) गाउँपालिका अनुदान शिक्षक पदपूर्तिका लागि गाउँ कार्यपालिकाले निर्धारण गरेको तहगत र विषयगत गाउँपालिका अनुदान शिक्षक कोटामा प्रचलित कानून बमोजिमको प्रतिशत निर्धारण गरी विज्ञापन गरिनेछ ।

५. **गाउँपालिका अनुदान शिक्षक कोटा निर्धारण गर्नु पर्नेः** (१) विद्यालयगत रूपमा रहने गाउँपालिका अनुदान शिक्षकको कोटा निर्धारण गर्नका लागि तपसिल बमोजिमको एक दरबन्दी मिलान तथा गाउँपालिका अनुदान शिक्षक कोटा निर्धारण सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक

(ख) शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधिः सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेका २ जना विज्ञः सदस्य

(घ) शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (१) बमोजिमको समितिले यस गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपात तथा अन्य प्रचलित व्यवस्थालाई आधार मानि शिक्षक संख्या नपुग भएका विद्यालयहरूमा कोटा निर्धारण गरी (निम्नमाध्यमिक तथा माध्यमिक तहको हकमा विषयगत रूपमा समेत) कार्यान्यनका लागि गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्नेछ ।

## परिच्छेद तीन

## गाउँपालिका अनुदान शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धि व्यवस्था

**६. गाउँपालिका अनुदान शिक्षकको पदपूर्तिका लागि विज्ञापन गर्नु पर्नेः** (१) कार्यपालिकाबाट विद्यालयगत रूपमा तह र विषय खुलाई गाउँपालिका अनुदान शिक्षक कोटा निर्धारण भएपश्चात उक्त कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्धारा शिक्षक पदपूर्तिका लागि न्यूनतम दश दिनको अवधि तोकी कार्यालयको वेभसाइट मार्फत सार्वजनिक रूपमा विज्ञापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरूले दरखास्त दिन सक्नेछनः

(क) नेपाली नागरीक,

(ख) आधारभूत तहको हकमा १८ वर्ष र माध्यमिक तहको हकमा २१ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त गरेको,

(छ) अध्यापन अनुमित पत्र प्राप्त गरेको,

(ज) ४० वर्ष ननाघेको ।

तर, यो कार्यविधि प्रारम्भ हुनु अगावै खत्याड गाउँपालिका भित्रका विद्यालयमा गाउँ पालिका अनुदानमा नियुक्ति भई आ.व. २०८२/०८३ मा करार म्याद थप नभएका शिक्षक, कर्मचारी, बाल विकास सहजकर्ता तथा प्रशिक्षकको हकमा यस कार्यविधि बमोजिम हुने पहिलो विज्ञापनमा उमेर हद लाग्ने छैन ।

**७. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः** दफा ५ बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रणाली शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. विज्ञापनका लागि पदसंख्या निर्धारण गर्नुपर्नेः** रिक्त गाउँपालिका अनुदान शिक्षक कोटामा खुला

प्रतियोगितात्मक परीक्षाद्धारा गाउँपालिका अनुदान शिक्षक पदपूर्तिका लागि गरिने विज्ञापनमा शिक्षक सेवा आयोगले अपनाए झैं समावेशी सिद्धान्त समेत अपनाई पद संख्या निर्धारण गरी विज्ञापन गर्नु पर्नेछ ।

**९. गाउँपालिका अनुदान शिक्षकको छनौट समितिः** (१) गाउँपालिका अनुदान शिक्षक कोटामा गाउँपालिका अनुदान शिक्षकको पदपूर्ति देहाएको गाउँपालिका अनुदान शिक्षक छनौट समितिले गर्नेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी — संयोजक

(ख) गाउँपालिका प्रमुखले मनोनित गरेका एक जना महिला सहित तीन जना विज्ञ - सदस्य

(ग) शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी— सदस्य सचिव

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) गाउँपालिका अनुदान शिक्षक छनौटका पदाधिकारी र आमन्त्रित सदस्यहरूले शिक्षक सेवा आयोगको मापदण्ड अनुसारको बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउनेछन् ।

(४) समितिको कार्यसञ्चालन तथा बैठकसम्बन्धी कार्यविधि शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. गाउँपालिका अनुदान शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका अनुदान शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले निर्धारण गरी वितरण भएको कोटामा करारमा गाउँपालिका अनुदान शिक्षक नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) गाउँपालिका अनुदान शिक्षक छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरूले प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा र योग्यताक्रमका आधारमा उम्मेदवार छनौट गरी कोटा रहेको विद्यालयमा करार सम्झौताका लगि सिफारिस गर्ने ।

**११. गाउँपालिका अनुदान शिक्षकको करार सम्झौताः** (१) गाउँपालिका अनुदान शिक्षक छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले गाउँपालिका अनुदान शिक्षकको

रूपमा करार सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको करार सम्झौताको जानकारी शाखालाई गराउनु पर्नेछ ।

## परिच्छेद चार

## गाउँपालिका अनुदान शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

**१२. गाउँपालिका अनुदान शिक्षकको पारिश्रमिक तथा अन्य सुविधाः** (१) गाउँपालिका अनुदान शिक्षकले मासिक पारिश्रमिक, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा गाउँ कार्यपालिकाले समयसमयमा तोकेबमोजिम हुनेछ ।

(२) गाउँपालिका अनुदान शिक्षकले पाउने विदा र विदासम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकले पाए सरह हुनेछ । तर, गाउँपालिका अनुदान शिक्षकले असाधारणा, बेतलबी र अध्ययन विदा पाउनेछैन ।

(३) गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता निजको नामबाट सञ्चालित बैङ्क खातामा निकासा गरिनेछ । यसको लागि सम्बान्धित विद्यालयले मासिक रूपमा निकासा माग फारम गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**१३. गाउँपालिका अनुदान शिक्षकको आचारसंहिता** : (१) गाउँपालिका अनुदान शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

(क) गाउँपालिकासँग भएको सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन् गर्ने,

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए-गएको समय जनाई हाजिरी गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(घ) गाउँपालिकाको नीति तथा कानुन प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(ङ) कुनै पनि राजनीतिक दलको सदस्यता लिएको प्रमाणित भएमा स्वतः अवकाश हुने,

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने,

(छ) सम्झौता विपरीतको कार्य गर्न र यस विरूद्ध उजुरी गर्न नहुने ।

(२) गाउँपालिका अनुदान शिक्षकले सम्झौता बमोजिमको कार्यावधि पूरा गरेमा वा सो भन्दा बढी अवधि

कार्य गरेमा गाउँपालिकाले निजलाई शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

**१४. गाउँपालिका अनुदान शिक्षकलाई प्रोत्साहनः** (१) तोकिएको विषयगत तथा कक्षागत सिकाइ उपलब्धि पुरा गरी शैक्षिक गुणस्तर पुरा गर्ने गाउँपालिका अनुदान शिक्षकलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयाबमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

**१५. विद्यालय सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः** गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमध्ये कुनै विद्यालय गाउँपालिका अनुदान शिक्षकबाट मात्र सञ्चालन गर्ने गरी वडाको सिफारिस भएमा त्यस्ता विद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूलाई अन्य विद्यालयमा व्यवस्थापन गरी विद्यालय सञ्चालन गर्न सकिनेछ । यसरी सञ्चालन भएको विद्यालयमा तोकिएको शैक्षिक गुणस्तर कायम हुन नसकेको अवस्थामा उक्त विद्यालयका अन्य विद्यालयमा व्यवस्थापन गरिएका शिक्षकहरूलाई पुनः सोही विद्यालयमा सरूवा गरिनेछ । यस्तो अवस्थामा गाउँपालिका अनुदान शिक्षकहरू स्वतः अवकाश हुनेछन ।

## परिच्छेद-पाँच

## विविध

१६. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै वमोजिम हुने र अन्य कुराहरु खत्याड गाउँपालिकाको शिक्षा ऐन तथा शिक्षा नियमावली तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसंग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

**१८. बाधा अड्काउ हटाउने अधिकारः** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन नगर कार्यापालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१९. संशोधन र खारेजीः** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी संशोधन वा खारेज गर्न सक्नेछ ।

## अनुसूची १

## (दफा ७ को खण्ड ग संग सम्वन्धित)

हालसालै खिचेको पासपोट साइजको फोटो र फोटोमा पर्ने गरी उम्मेदवार र दसखास्त स्वीकृत गर्नेको दस्तखत अनिवार्य गर्नुपर्ने

**विद्यालयको नामः.........................**

**विज्ञापन नं...............................**

**तहः....................................**

**विषयः.................................**

**दरखास्त दस्तुरः.............................**

**उम्मेदवारको नाम थरः...............................**

**स्थायी ठेगानाः..........................................**

**मोवाइल नः..............................................**

**सम्वन्धित विद्यालयमा कार्यरत भए**

**नियुक्ति मितिः..............................**

**तहः......................................**

**विषयः............................**

**सेवा अवधिः.......................................**

**उम्मेदवारको दखतः..........................................**

**मितिः...............................**

खत्याड गाउँपालिकाको कार्यालय परिसरमा सञ्चालन हुने गाउँ पालिका अनुदान शिक्षक छनौट परीक्षामा सम्मिलित हुन तपाईँलाई यो प्रवेशपत्र दिइएको छ । रीत नपुगेको देखिएमा जुनसुकै समयमा दरखास्त रद्द गर्न सकिने छ ।

रोल नं............................ ................................................

दरखास्त स्वीकृत गर्नेको दस्तखत

## अनुसूची- २

### परीक्षामा खटिने कर्मचारीको परिचयपत्रको ढाँचा

खत्याड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश नेपाल

परीक्षामा खटिने कार्मचारी परिचय-पत्र

नामः
पदः केन्द्राध्यक्ष/सहायक केन्द्रध्यक्ष/ निरीक्षक/कार्यालय सहयोगी
परीक्षा मितिः
परीक्षाको किसिमः
तहःआधारभूत/माध्यमिक

केन्द्रध्यक्षको दस्तखत

खत्याड गाउँपालिका मुगु

## परीक्षार्थीको आचार सँहिता

१. परीक्षार्थीले परीक्षा हलमा सहभागि हुन प्रवेशपत्र अनिवर्य रुपमा ल्याउनुपर्ने छ, अन्यथा परीक्षामा सहभागि हुन पाइने छैन ।

२. परीक्षा हलमा मोवाइल फोन र अन्य सञ्चारका साधनहरु प्रयोग गर्न पाइने छैन ।

३. उत्तरपुस्तिकामा लेख्न कालो मसिको मात्र प्रयोग गर्नुपर्ने छ ।

४. परीक्षा भवनमा समयमै आइपुग्नुपर्ने र परीक्षा समाप्त भएपछि मात्र परीक्षा हल छोड्न पाइने छ ।

५. परीक्षामा कापी, किताव, चिट आदि लैजान पाइनै छैन तथा एक आपसमा कुराकानि तथा अन्य सङ्कास्पद गतिविधि गर्न पाइने छैन ।

६. परीक्षाको मर्यादा विग्रने गरी कुनै अनुचित काम गरेमा प्रचलित कानूनबमोजिम कारवाहि गरिने छ ।

७. अन्तर्वार्तामा समेत अनिवार्य रुपमा प्रवेश पत्र ल्याउनुपर्ने छ । अन्य नियमहरु परीक्षाका प्रचलित नियम तथा आचार संहिता बमोजिम नै हुनेछन ।

आज्ञाले
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाँउपालिका मुगु